खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके लुम्बीनी प्रदेश नेपाल

# करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/१०/२२

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय को मिति २०७७/१०/१२ को परिपत्र बमोजिम कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको कृषि अधिकृत (प्राविधिक) सेवा करारबाट पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रित पूर्वकको आवेदन भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| क्र.स. | वि.नं. | पद | तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|---|
| १ | १२/०७७/०७८ | कृषि अधिकृत | छैठौं | कृषि | १(एक) जना |

१. आवश्यक न्यूनतम योग्यता: सम्बन्धित पदका लागि लोकसेवा आयोगले निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता भएको हुनुपर्ने छ।
२. सेवा अवधि: वि.सं. २०७८ असार मसान्त सम्म वा प्रदेश सरकारको कार्यक्रम बमोजिम हुने।
३. उमेर: कम्तिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको।
४. दरखास्त दिने स्थान: खजुरा गाउँपालिका, बाँके।
५. दरखास्तको माध्यम: उम्मेदवार आफै उपस्थित हुनु पर्नेछ।
६. दरखास्त दिने अन्तिम मिति: सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा र १५ औं दिनमा सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा।
७. आवेदन दस्तुर: रु १००० । (एक हजार) मात्र
८. छनौटको किसिम: संक्षिप्त सूची र अन्तरवार्ता
९. आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु संलग्न गर्नुपर्ने छ : (क) नागरिकता प्रमाणपत्र, (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) कार्य अनुभव पेश गरेकाको हकमा सम्बन्धित संस्थाबाट अनुभव खुल्ने प्रमाणित कागजात र (ङ) ३ प्रति पासपोर्ट आकारको फोटो।
१०. सेवा सुविधा: नेपाल सरकारले स्थानीय तहको छैठौं तहका कर्मचारीका लागि तोकि दिएको तलब र नियमानुसार पाउने भत्ता उपलब्ध हुनेछ।
११. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- खजुरा गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम सम्बन्धित सेवा समूह अन्तरगत तोकिए बमोजिमका प्राविधिक कार्यहरु गर्नुपर्नेछ।
१२. सम्पर्क मिति :- आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन विहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म।

**http://www.khajuramun.gov.np/** मा भएको दरखास्त फारम **print** गरी आवश्यक विवरण भरी यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

२०७७/१०/२२
मणिराम खराल
प्रमुख प्रशासकिय अधिकृत